**सन्दर्भः १४ औं हलिया मुक्ति दिवसका सन्दर्भमा :**
**भूमिहिन दलित तथा मुक्त हलियाका लागि :**
**भूमि अधिकार क्याराभान २०७९**
**धनगढी घोषणा पत्र**

नेपालको संविधानको धारा २९ शोषण विरुद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन नपाइने व्यवस्था साथै, उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन भने नेपालको संविधानले पहिलो पटक परुयाप्त आवासको व्यवस्था धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एक पटक जमिन र आवासको व्यवस्था गर्ने मौलिक हकमा सुनिश्चिततताको स्मरण गर्दै,

मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले समेत प्रयाप्त जीवनस्तरको अधिकारको मान्यता दिएकोपरुति प्रतिबद्ध हुदै,

दीगो विकास लक्ष **२०३०** मा कसैलाई पछाडि नछोडौं भन्ने नारासहित भुमिहिनताको अन्त्यको लक्ष लिएको प्रति सरकारको ध्यानाकर्षण गर्दै,

नेपाल सरकार भुमिव्यवस्था, सहकारी र गरिवी निवारण मन्त्रालयद्धारा गठित **मुक्त हलिया, कमैया, कमलरी र हरवाचरवा बस्तुस्थिति अध्ययन समितिको प्रतिबेदन २०७९** को स्मरण गर्दै,

यसै तथ्यलाई मध्यनजर गर्दै **१४ औं हलिया मुक्ति दिवसको सन्दर्भमा** राष्ट्रिय दलित नेटवर्क र सम विकास केन्द्र डोटीको संयूक्त आयोजना तथा दलित भूमिअधिकार यूनियनसंगको सहकार्यमा उक्त संवैधानिक तथा कानुनी प्रावधानलाई कार्यान्वयन गराउनका लागि २०७९ भाद्र १० गतेदेखि सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाबाट धनगढीमा उपस्थित भई **भूमिहिन दलित तथा मुक्त हलियाका लागिः भूमिअधिकार क्याराभान २०७९ सम्पन्न गर्दै हामी सुदुरपश्चिमका मुक्त हलिया तथा भुमिहिन दलितहरुको सहभागितामा ८ बुदे धनगढी घोषणा पत्र जारी गरेका छौं ।**

१. संघीय सरकार भूमिब्यवस्था, सहकारी र गरिवी निबारण मन्त्रालयद्धारा गठित**, मुक्त हलिया, कमैया, कमलरी र हरवाचरवा बस्तुस्थिति अध्ययन समितिको प्रतिबेदन २०७९** अक्षरसः कार्यान्वयन गर्न जोडदार माग गर्दछौ ।
२. हरवाचरवा, मुक्त हलिया, कमैया कमलरी सम्वन्धी सबै तहको कामको अनुगमन, सहजीकरण, समन्वय र सुनिश्चित कार्यान्वयनको लागि संघ तहमा एउटा अधिकार सम्पन्न आयोग वा संरचना निर्माण गर्न माग गर्दछौं ।
३. सम्माननीय प्रधाामन्त्री शेरबाहदर देउवाज्युले यही **२०७९** श्रावण **२** गते गर्नु भएको ऐतिहासिक घोषणाको सार्थक कार्यान्वयनका लागि हरवाचरवाको तथ्याँक संकलन तथा छूट हलिया र छुट कमैयाको सामाजिक न्यायको हिसाबले एक चोटि अन्तिम पटकका लागि नाम दर्ता, प्रमाणीकरण र परिचय पत्र प्रदान गर्नका लागि जोडदार माग गर्दछौ ।
४. सुदुरपश्चिम प्रदेश सरकारले तत्काल मुक्त हलिया, कमैया र कमलरीहरुको सम्पुर्ण रुपमा पुनःस्थापनाको एकीकृत प्याकेज निर्माण गर्न माग गर्दछौं ।
५. मुक्त घोषित हरवाचारवा, मुक्त हलिया, कमैया र कमलरीलगायतका सबैप्रकारका बधुवा श्रमको समुल अन्तय गर्न तत्काल बाध्यकारी श्रम निषेध गर्ने एकीकृत कानुन निर्माण गरी जारी गर्न माग गर्दछौं ।
६. मुक्त हलिया, कमैया, कम्लरी तथा हरवाचरवा र भूमिहीन सुकुम्बासीहरुको समस्या सधैका लागि हल गर्न हरेक स्थानीय सरकारले आफनो कार्यक्षेत्रभित्र रहेर कानुन बनाउन जोडदार माग गर्दछौं ।
७. नेपाल सरकारद्धारा गठित राष्ट्रिय भुमि आयोगको नियमावलीमा नेपालको संविधानको धारा ४० (५) र (६) को मुल्य र मान्यता अनुसार संशोधन गरी दलित भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको समस्या हल गर्दै मुक्त कमैया, हलिया तथा हरवाचरवाको पुनःस्थापना अलग पहिचानमा गर्न गारउन जोडदार माग गर्दछौं ।
८.आगामी **२०७९** मंसीर ४ गते हुन गइरहेको प्रतिनीधि सभा तथा प्रदेश सभाको निर्वाचनमा जारी गरिने राजनीतिक दलहरुका घोषणा पत्रमा दलित भुमिहिन, मुक्त हलिया, कमैया, कम्लरी तथा हरवाचरवाका सवालहरु स्पष्ट रुपमा राख्न र निर्वाचनमा यस समुदायलाई प्रतिनीधत्वमा उच्च प्राथमिकतामा राख्न जोडदार माग गर्दछौं ।